# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ५** **भागः २** **संख्याः६**

**प्रमाणीकरण मितिः२०८२/१२/२६**

### विशेष अनुदान/कृषि,पशुपन्छी बिकाश कार्यक्रम कार्यान्वयन कार्यविधी २०८२

**प्रस्तावनाः** मानेभन्ज्याङ गाउँपालिका सुख्खा क्षेत्र भएर पनि कृषि तथा पशुपन्छीपालन व्यवसायको अति नै राम्रो सम्भावना बोकेको ठाँउ हो। अघिल्लो दशक परम्परागत र निर्वाहमुखी पशुपालन रहेको यस क्षेत्रमा पछिल्लो समयमा पशुपालन व्यवसाय व्यवसायिक, प्रतिस्पर्धी र आधुनिक बन्दै गइरहेको छ। आधुनिक, प्रविधिमैत्री र व्यवसायिक कृषि तथा पशुपालनबाट मात्र यो क्षेत्रमा आर्थिक सम्बृद्धिको जग बसाल्न सकिन्छ। वर्तमान समयमा पलायन भइरहेको युवा जनशक्तिलाई पशुपालन व्यवसायतर्फ उत्प्रेरित गराइ आर्थिक विकास तथा रोजगारी सिर्जनामा जोड्ने निति अबलम्बन गरेको यो पालिकामा निकट भविष्यमै पशु उत्पादनमा आत्मनिर्भर भइ निर्यातबाट समेत राम्रो आम्दानी भित्र्याउन सकिन्छ। तसर्थ उत्पादनलाई वृद्दी गर्न उत्पादनकर्ता व्यवसायी र उद्यमीहरुलाई प्रोत्साहन गर्न सक्ने हो भने कृषि तथा पशुजन्य उत्पादनको वृद्दीमा सुखद नतिजा निकाल्ने कुरामा दुइमत छैन। यहि अवस्थालाई मध्यनजर गर्दै कृषिजन्य उत्पादनमा वृद्दी गर्न तथा यस व्यवसायप्रति उत्प्रेरणा जगाउन कृषकहरुलाई उत्पादन प्रोत्साहन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**विशेष अनुदान/कृषि,पशुपन्छी बिकाश कार्यक्रम कार्यान्वयन कार्यविधी २०८२"** रहेको छ।

ख) यो कार्यविधि मानेभन्ज्यांङ गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ।

ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२.परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कार्यविधि भन्नाले "विशेष अनुदान/कृषि,पशुपन्छी बिकाश कार्यक्रम कार्यान्वयन कार्यविधी २०८२" बुझ्नुपर्दछ।
ख) गाउँपालिका कार्यालय भन्नाले मानेभन्ज्यांङ गाउँपालिका र कार्यपालिका भन्नाले मानेभन्ज्यांङ गाउँपालिकाको गाँउ कार्यपालिकालाई बुझ्नुपर्दछ।
ग) आर्थिक विकास समिति भन्नाले मानेभन्ज्यांङ गाउँपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनुपर्दछ।
घ) कृषक वा कृषि उद्यमी, व्यवसायी वा कृषि तथा पशु फर्म भन्नाले गाउँपालिका क्षेत्रभित्र पशुपालन व्यवसायमा आवद्ध भइ आफ्नो वा लिजमा लिइएको जग्गामा पशुपन्छी, माछा पालन गरि पशुजन्य उत्पादन गर्ने तथा घाँसखेती गर्ने किसानलाई सम्झनुपर्दछ।

परिच्छेद-२

पशु स्वास्थ्य कार्यक्रम

**३.पशु औषधि खरिद**

क)उद्देश्यः पशुपन्छीको उपचारको लागि आवश्यक औषधि खरिद गरि उपचारसेवा प्रदान गर्ने।

ख) प्राविधिक मापदण्ड :

- आन्तरिक तथा बाह्यय परजीवी नियन्त्रण गर्ने ,प्रजनन विकृति सम्बन्धिऔषधि खरिद गरि वितरण गर्नुपर्नछ।
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य सम्बन्धि आवश्यक उपचार सेवा उपलब्ध गराउनुपर्नेछ।
- यस कार्यक्रम मार्फत पशुपन्छी बिकास शाखाको उपलब्ध बजेट अनुसार देहायेका औषधि,रसायनतथा सर्जिकल सामग्री,डिस्पेन्सरीमा ब्यावस्थापन र सेवाग्राही किसानलाइ उपलब्ध गराउन सकिने छ।

    1. Antiseptic,cotton,guaze,Bandage,Suturing Metarials,Examination tools, Surgical tools, Aanesthesia.
    2. Emergency Medicines :- Antidotes, Antihistamines,Corticosteroids, Analeptics,Analgesics and Anti inflammatori and Antibiotic,
    3. Antihelmintics, Supplements, Mineral Mixture, medicines for infertility and other required Medicines ,

ग)संचालन प्रक्रिया/ क्रियाकलाप

- खरिद भएको औषधि तोकिए अनुसारको राजस्व रकम लिएर सेवा उपलब्ध गराउनु पर्नेछ।
- पशुपन्छी विकास शाखा बाट सेवा उपलब्ध गराइएको पशुपन्छी विवरण अनिवार्य रुपमा उपचार सेवा पुस्तिकामा अभिलेख गरिराख्नु पर्नेछ

घ) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि डिस्पेन्सरी /ओ.पी.डी मा आवश्यक औषधि रसायन तथा सर्जिकल सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एंन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

४. **विभिन्न पशु माहामारी रोग नियन्त्रण कार्यक्रम ( खोरेत,रेबिज,यच.एस, बिक्यु ,एल. एस.डी)**

क) उद्देश्यः पशुपन्छीको विभिन्न पशु माहामारी रोग नियन्त्रणको लागि खोप तथा उपचारको लागि आवश्यक औषधि खरिद गरि उपचारसेवा प्रदान गर्ने।

ख) प्राविधिक मापदण्ड :

- पशुपन्छी तथा मत्स्य स्वास्थ्य सम्बन्धि आवश्यक खोप तथा उपचार सेवा उपलब्ध गराउनुपर्नेछ।
- यस कार्यक्रम मार्फत पशुपन्छी बिकास शाखाको उपलब्ध बजेट अनुसार देहायेका सर्जिकल सामग्री खोप , रोग फैलिएको बखत औषधि,रसायन सेवाग्राही किसानलाइ उपलब्ध गराउन सकिने छ।

1.Vccine,Antiseptic,cotton,guaze,Bandage,SuturingMetarials,Examinatin tools, Surgical tools, Aanesthesia.

2. Emergency Mwedicines :- Antidotes, Antihistamines,Corticosteroids, Analeptics,Analgesics and Anti inflammatori and Antibiotic,

3. Antihelmintics, Supplements, Mineral Mixture, medicines for infertility and other required Medicines ,

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- खरिद भएको औषधि /  खोप निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ।
- पशुपन्छी विकास शाखा बाट सेवा उपलब्ध गराइएको पशुपन्छी विवरण अनिवार्य रुपमा खोप/ उपचार सेवा पुस्तिकामा अभिलेख गरिराख्नु पर्नेछ

घ) आर्थिक मापदण्ड :

कार्यक्रमको लागि आवश्यक औषधि / खोप रसायन तथा सर्जिकल सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एंन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## ५. कुकुर बन्ध्याकरण सिबिर

क) उद्देश्यः घरपालुवा तथा छाडा सामुदायिक कुकुरहरु **बन्ध्याकरण** गरि कुकुरहरको संख्या नियन्त्रण  गरी बिभिन्न किसिमका रोगहरु कुकुरहरुको टोकाई बाट हुने पसुपंछीको छेती न्यूनीकरण गर्ने।

ख) प्राविधिक मापदण्ड :

- भाले तथा पोथी कुकुरहरुको प्रजनन नियन्त्रण सम्बन्धि कार्यहरु गर्नुपर्नछ।
- पशुपन्छी शाखाले अन्य  दक्ष पशुचिकित्सक ,दक्ष् प्राबिधिक वा कुनै कुकूर बन्ध्याकरण सग सम्बन्धित सस्था सग सेवा खरिद/ संझौता गरि सेवा उपलब्ध गराउनुपर्नेछ।
- यस कार्यक्रम मार्फत पशुपन्छी बिकास शाखाको उपलब्ध बजेट अनुसार देहायेका औषधि,रसायनतथा सर्जिकल सामग्री,डिस्पेन्सरीमा ब्यावस्थापन र सेवाग्राही किसानलाइ उपलब्ध गराउन सकिने छ।

1. Antiseptic,cotton,guaze,Bandage,Suturing Metarials,Examination tools, Surgical tools, Aanesthesia, Dog Handle tools etc.
2. Emergency Mwedicines :- Antidotes, Antihistamines,Corticosteroids, Analeptics, ,Analgesics and Anti inflammatori and Antibiotic,
3. Antihelmintics, Supplements, Mineral Mixture, medicines for infertility and other required Medicines ,

ग)संचालन प्रक्रिया/ क्रियाकलाप

- कुकूर बन्ध्याकरण सग सम्बन्धित  सेवा सेवा निसुल्क उपलब्ध गराउनु पर्नेछ।
- पशुपन्छी विकास शाखा बाट सेवा कुकूर बन्ध्याकरण विवरण अनिवार्य रुपमा सेवा पुस्तिकामा अभिलेख गरिराख्नु पर्नेछ
- कार्यक्रममा सहभागी प्राविधिक टोलिहरुलाई खाजा,खाना,बास,दैनिक भ्रमण भता,अन्य भता नियमअनुसार कार्यक्रम बाट उपलब्ध गराउनु पर्नेछ

घ) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि आवश्यक औषधि रसायन तथा सर्जिकल सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एंन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

६. बडीजो कास्टेटर खरिद

क) उद्देश्यः घरपालुवा बोका,रागा,बहर,साढे,थुमा हरु **बन्ध्याकरण** गरि पशुहरुको प्रजनन ब्यबस्थीत गर्ने कृषि कार्यमा संलग्न पशुलाइ सुदो बनाउने,मासु प्रयोजन पशुलाई मासुको गुणस्तर बृद्दि गर्ने ।

ख) प्राविधिक मापदण्ड :

- भाले पशुहरुको प्रजनन नियन्त्रण सम्बन्धि कार्यहरु गर्नुपर्नछ ।

यस कार्यक्रम मार्फत पशुपन्छी बिकास शाखाको उपलब्ध बजेट अनुसार **बडीजो कास्टेटर खरिद गरि** ,डिस्पेन्सरी मार्फत सेवाग्राही किसानलाइ पशु बन्ध्याकरण सेवा उपलब्ध गराउन सकिने छ ।

ग)संचालन प्रक्रिया/ क्रियाकलाप

- खरिद भएको **बडीजो कास्टेटर बाट** बन्ध्याकरण सेवा तोकिए अनुसारको राजस्व रकम लिएर सेवा उपलब्ध गराउनु पर्नेछ ।
- पशुपन्छी विकास शाखा बाट सेवा बन्ध्याकरण विवरण अनिवार्य रुपमा सेवा पुस्तिकामा अभिलेख गरिराख्नु पर्नेछ

घ) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि आवश्यक **बडीजो कास्टेटर** सामाग्रीहरु खरिद स्वीकृत बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एंन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

परिच्छेद-४

पशुपन्छी आहारा/ प्रसार कार्यक्रम/तालिम तथा अन्यप्रसार कार्यक्रम

**१. हिउदे/ बर्षे/ बहुबर्से घासको बिउ/बेर्ना/सेट्स वितरण**

क) उद्देश्यः

- व्यावसायिक कृषकहरुको पशुपन्छमा उन्नत र पोषिलो आहारको आपूर्ति तथा उपलब्धता अभिबृदी गर्नु ।

ख) प्राविधिक मापदण्ड :

- बिउ बिजन सरकारी फर्म, निजी दर्ता भएका कृषि पशुपन्छी फर्म बाट बिउ प्रयोग गर्नुपर्ने छ ।
- प्राविधिकको सिफारिसमा स्वास्थ्य बेर्ना छिपिएको डाठको तिन आख्ला भएको सेट्स प्रयोग गर्नुपर्ने छ ।

- घासको बिउ/ बेर्ना/सेट्सको वितरणमा व्यावसायिक फर्म लाइ प्राथमिकता दिनुपर्नेछ ।
- 

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- खरिद भएको घासको बिउ/ बेर्ना/सेट्स मागका आधारमा निशुल्क उपलब्ध गराउनु पर्नेछ ।
- पशुपन्छी विकास शाखा बाट सेवा उपलब्ध गराइएको घासको बिउ/ बेर्ना/सेट्स विवरण अनिवार्य रुपमा अभिलेख गरिराख्नु पर्नेछ ।

घ) आर्थिक मापदण्ड :

कार्यक्रमको लागि आवश्यक घासको बिउ/ बेर्ना/सेट्स खरिद स्वीकृत बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

**२. माछा भुरा  वितरण**

क) उद्देश्यःमानेभन्ज्यांङ गाउँपालिकामा रहेका जलश्रोतको उपयोग गरि मत्स्यपालन लाइ बढवादिनु खाध्य सुरक्षा अभिबृदी गर्नु ।

ख) प्राविधिक मापदण्ड :

- माछा भुरा सरकारी फर्म, निजी दर्ता भएका कृषि पशुपन्छी फर्म बाट खरिद गर्नुपर्ने  छ ।
- प्नेपाल सरकारले सिफारिस गरिएका माछाका हातहरु बाट एडभान्स फिगरिंग / फिन्गरिंग खरिद गरि वितरण गर्नुपर्ने छ ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- खरिद भएको माछाका भुर्रा मागका आधारमा निशुल्क उपलब्ध गराउनु पर्नेछ ।
- पशुपन्छी विकास शाखा बाट सेवा उपलब्ध गराइएको माछाका भुर्रा  वितरण विवरण अनिवार्य रुपमा अभिलेख गरिराख्नु पर्नेछ ।

घ) आर्थिक मापदण्ड :

कार्यक्रमको लागि आवश्यक माछाका भुर्रा खरिद स्वीकृत बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभाञ्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

**३. व्यावसायिक गाइ, भैसी,बंगुर पालन तालिम (कृषक स्तर विभिन्न पशु पालन तालिन )**

क) उद्देश्यः कृषकहरु लाइ पशुपन्छी तथा मत्स्य पालन उन्नत र पोषिलो घास खेति सम्बन्धित बिषयबस्तु अनुसार ज्ञनसिप  प्रादान क्षमता अभिबृदी गर्नु ।

ख) प्राविधिक मापदण्ड :

- पशुपन्छी बिकास शाखाले कृषकको आवश्यकता अनुसार तालिमको तालिका तयारी गरि तालिम संचालन गर्नुपर्ने  छ ।
- तालिममा कम्तीमा २० जना कृषक सहभागी हुनुपर्नेछ।

- तालिममा  व्यावसायिक फर्म संचालक / कृषक समूह लाइ प्राथमिकता दिनुपर्नेछ ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- कार्यक्रममा सहभागी प्राविधिक प्रशिक्षकलाई खाजा,खाना,बास,इन्धन,दैनिक भ्रमण भता,अन्य भता नियमअनुसार प्रशिक्षण बफतको पारिश्रमिक कार्यक्रम बाट उपलब्ध गराउनु पर्नेछ
- तालिममा सहभागी कृषकहरुलाई खाजा, खाना , टाढा बाट आउने लाइ यातायात खर्च उपलब्ध गराउनुपर्नेछ ।
- तालिमको आवश्यकता अनुसार सैदान्तिक र ब्यवहारिक कक्षका साथैअवलोकन भ्रमण संचालन गर्न सकिने छ ।

**घ) आर्थिक मापदण्ड :**

कार्यक्रमको लागि आवश्यक  सामग्री खरिद तथा अन्य ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

**४. गाइ ,भैसी,बंगुर अन्य कृषि/ पशुपन्छी पालन कृषक समूह गठन तथा परिचालन**

क) उद्देश्यः

- कृषकहरु लाइ कृषि,पशुपन्छी तथा मत्स्य पालन समूह मार्फत कृषि उपज उत्पादन गर्नु ।

ख) प्राविधिक मापदण्ड :

- पशुपन्छी बिकास शाखाले कृषकको मागअनुसार सम्बन्धित वडाले छनौट गरेको एरियामा समुह  गठन तथा परिचालन संचालन गर्नुपर्ने  छ ।
- समूहमा कम्तीमा १० जना कृषक सहभागी हुनुपर्नेछ ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- समुह  गठन तथा परिचालन संचालन गर्दा खाजा,खाना, इन्धन, इस्टेसनरी लगायतमा खर्च गर्न सक्नेछ
- समूको बैठक नियमित आवश्यक अनुसार राख्नुपर्नेछ  ।
- गाउँपालिका बाट प्राप्त हुने सेवा सुबिधा समूह लाइ प्राथमिकता दिनुपर्ने छ ।

**घ) आर्थिक मापदण्ड :**

कार्यक्रमको लागि आवश्यक  सामग्री खरिद तथा अन्य ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

**५. गाइ ,भैसीमा कृतिम गर्भाधान मिसन कार्यक्रम**

क) उद्देश्यः

- राष्ट्रियपशु प्रजनन केन्द्रमा उपलब्ध उन्नत भाले पशुको विर्य प्रयोग गरि कृतिम तरिका द्वारा पोथी पशु लाइ गर्भाधारण गराई नश्ल सुधार गर्नु।

ख) प्राविधिक मापदण्ड :

- राष्ट्रियपशु प्रजनन केन्द्रमा उपलब्ध उन्नत भाले पशुको विर्य प्रयोग गरि कार्यक्रम संचालन गर्नुपर्नेछ
- सरकारी तथा निजि सबै कृतिम गर्भाधान इन्सिमिनेटरले अनिवार्य रुपमा सम्बन्धितत निकाय बाट लाइसेन्स प्राप्त गरेको हुनुपर्ने छ ।
- सबै इन्सिमिनेटरले अनिवार्य रुपमा कृतिम गर्भाधान मासिक रेकर्ड पशुपन्छी बिकाश शाखा लाइ बुझाउन पर्ने छ । अभिलेख नपठाउने इन्सिमिनेटरलाइ शाखाले नाइट्रोजन र सिमेन् उपलब्ध गराउने छैन।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- पशुपन्छी बिकास शाखमा ल्याइएको पशुको हकमा कृतिम गर्भाधान लागि तोकिएको राजस्व रकम तिरी कृषकले सेवा लिन सक्नेछन् ।
- प्रतेक कृतिम गर्भाधानको AI Record Book मा अभिलेख प्रविस्ट गराउनु पर्नेछ छ।
- कृषकलाइ कृतिम गर्भाधान अभिलेख कार्ड उपलब्ध गाराउनु पर्नेछ।
- पशुपन्छी बिकास शाखाले सम्बन्धित निकालाइ मासिक रुपमा प्रगति पठाउनु पर्ने छ।
- पशुपन्छी बिकास शाखाले कृतिम गर्भाधान कार्यक्रम संचालनका लागि आवश्यक तरल नाइट्रोजन,सिमेन सरकारी कार्यालय बाट खरिद गर्नुपर्ने छ । तर प्राप्त मात्रामा उपलब्ध हुन नसकेमा निजि उत्पादक साग खरिद गर्न सक्ने छ।
- कृतिम गर्भाधानका लागि आवश्यक कृतिम गर्भाधान उपकरण त्तथा अन्य सामग्री खरिद जस्तै.( कन्टिनर,रेफ्री,) उपकरण खरिद गर्न सक्ने छ ।

**घ) आर्थिक मापदण्ड :**

कृतिम गर्भाधान कार्यक्रमको लागि आवश्यक सिमेन,तरल नाइट्रोजन, कृतिम गर्भाधान उपकरण त्तथा अन्य सामग्री खरिद तथा अन्य ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

**६. बंगुरमा कृतिम गर्भाधान मिसन कार्यक्रम**

क) उद्देश्यः

- उन्नत भाले बंगुरको विर्य प्रयोग गरि कृतिम तरिका द्वारा पोथी बंगुरलाइ गर्भाधारण गराई नश्ल सुधार गर्नु।

ख) प्राविधिक मापदण्ड :

- उन्नत भाले बंगुरको विर्य प्रयोग गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- सरकारी तथा निजि सबै कृतिम गर्भाधान इन्सिमिनेटरले अनिवार्य रुपमा सम्बन्धितत निकाय बाट लाइसेन्स प्राप्त गरेको हुनुपर्ने छ ।

- सबै इन्सिमिनेटरले अनिवार्य रुपमा कृतिम गर्भाधान मासिक रेकर्ड पशुपन्छी बिकाश शाखा लाइ बुझाउन पर्ने छ । अभिलेख नपठाउने इन्सिमिनेटरलाइ शाखाले नाइट्रोजन र सिमेन् उपलब्ध गराउने छैन ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- पशुपन्छी बिकास शाखमा ल्याइएको बंगुरको हकमा कृतिम गर्भाधान लागि तोकिएको राजस्व रकम तिरी कृषकले सेवा लिन सक्नेछन् ।
- प्रतेक कृतिम गर्भाधानको AI Record Book मा अभिलेख प्रविस्ट गराउनु पर्नेछ छ ।
- कृषकलाइ कृतिम गर्भाधान अभिलेख कार्ड उपलब्ध गाराउनु पर्नेछ ।
- पशुपन्छी बिकास शाखाले सम्बन्धित निकालाइ मासिक रुपमा प्रगति पठाउनु पर्ने छ ।
- पशुपन्छी बिकास शाखाले बंगुरमा कृतिम गर्भाधान कार्यक्रम संचालनका लागि आवश्यक उन्नत बंगुर बिर (भाले पाठा) आवश्यक परिमाणमा खरिद गरि मानेभान्ज्याङ गाउँपालिकाको आफ्नै फर्ममा या पालिका भर पायक पर्ने निजि कृषकको फर्ममा राख्ने छ पशुपन्छी बिकास शाखाले समय सममा प्रबिधि प्रयोग गरि सिमेन संकलन गरि अन्य बंगुर पालक किसानकोमा बंगुरमा कृतिम गर्भाधान सेवा पुर्याउने छ । बंगुर बिर (भाले पाठा) पाल्ने किसान फर्म लाइ न्यूनतम दानापानी तथा अन्य खर्च उपलब्ध गराउनु पर्ने छ ।
- कृतिम गर्भाधानका लागि आवश्यक कृतिम गर्भाधान उपकरण त्तथा अन्य सामग्री खरिद जस्तै.( कन्टिनर,रेफ्री,) उपकरण खरिद गर्न सक्ने छ ।

**घ) आर्थिक मापदण्ड :**

कृतिम गर्भाधान कार्यक्रमको लागि आवश्यक बंगुर कृतिम गर्भाधान उपकरण त्तथा अन्य सामग्री खरिद तथा अन्य ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

**७. समुहमा बंगुरका पाठा पाठी वितरण कार्यक्रम**

क) उद्देश्यः

- उन्नत / बणसंकर पाठा पाठी वितरण गरि बंगुरको मासु उत्पादन मा बिद्धी गर्ने किसानको आयआर्जन बिद्धी गर्नु ।

ख) प्राविधिक मापदण्ड :

- दर्ता भएका उन्नत बंगुर पालन गरिरहेका निजि फर्म बाट बंगुर पाठ पाठी खरिद गरि वितरण कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- पाठा पाठी पशुपन्छी बिकास शाखाले गठन गरेका समूह लाइ मात्र उपलब्ध हुने छन ।
- पाठा पाठी उन्नत / बणसंकर हुनु पर्ने छ ।
- वितरण गरिका पाठा पाठी अनिवार्य किसानले बिमा गर्नुपर्ने छ ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- पशुपन्छी बिकास शाखाले आ. व. २०८२/०८३ मा गठन गरेको समूह लाइ खरिद  बंगुरको पाठा पाठी लिन सक्नेछन् ।
- बंगुरको पाठा पाठी वितरण अभिलेख राख्नु पर्नेछ छ।
- दर्ता भएका उन्नत बंगुर पालन गरिरहेका निजि फर्म बाट बंगुर पाठ पाठी खरिद गरि वितरण गर्नु पर्नेछ।
- वितरण गरिका पाठा पाठी  प्रजनन तथा मासु प्रयोजनको लागी पाल्नु पर्ने छ।

**घ) आर्थिक मापदण्ड :**

समूमा बंगुर पाठा पाठी वितरण कार्यक्रमको लागि आवश्यक बंगुर पाठा पाठी त्तथा अन्य सामग्री खरिद तथा अन्य ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## ८. अनुदानमा गोठ/ थलो सुधार कार्यक्रम

क) उद्देश्यः

- सामुहिक रुपमा पशुपालन गरि थलो सुधार मार्फत पशुजन्य उत्पादन बिद्धी गर्ने।
- ख) प्राविधिक मापदण्ड :
    - कम्तिमा २ वटा पशु पालन  गरिरहेका किसान हरुलाई पशुपन्छी बिकास शाखाले आ. व. २०८२/०८३ मा गठन गरेको समूह लाइ थलोसुधार कार्यक्रम संचालन गर्नसक्नेछ ।
    - थलो सुधार गरिएका किसानहरुले पशुको अनिवार्य किसानले बिमा गर्नुपर्ने छ।
    - थलो सुधार कार्यक्रममा बजेटको परिधिभित्र रही समुहलाई ७५ प्रतिसत  अनुदान मात्र उपलब्ध गराइने छ ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- पशुपन्छी बिकास शाखाले आ. व. २०८२/०८३ मा गठन गरेको लक्षित समूह लाइ थलो सुधार कार्यक्रममा सहभागी हुनेछन् ।
- पशुपन्छी बिकास शाखाले थलो सुधार कार्यक्रममा सहभागी समुहको अभिलेख राख्नु पर्नेछ छ।
- थलो सुधार कार्यक्रम संचालन गरनु पुर्ब कार्यालय सग सम्झौता गर्नुपर्ने छ र प्राविधिक स्टिमेट अनुसार काम सम्पन्न भएपछी अनुगमन गरि समुहको बैंक खाता मार्फत भुक्तानी दिइनेछ।

**घ) आर्थिक मापदण्ड :**

समूमा थलो सुधार कार्यक्रमको ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## ९. इपिडेमियोलोगिकल रिपोटिंग कार्यक्रम

क) उद्देश्यः

- मानेभान्ज्याङ गाउँपालिका भित्र पशुपन्छी रोगहरु सम्बन्धित निकायमा रिपोर्टिंग गर्नु।

- ख) प्राविधिक मापदण्ड :
    - मासिक रुपमा सम्बन्धित निकायमा रिपोर्टिंग गर्नुपर्ने छ।

**ग) संचालन प्रक्रिया/ क्रियाकलाप**

- पशुपन्छी बिकास शाखाले आवश्यक फर्मेट छपाई तथा रोग फैलेको ठाउमा जानको लागि इन्धन अन्य सामग्री खरिद गर्न सक्नेछ।
- पशुपन्छी बिकास शाखाले गोग अभिलेख राख्नु पर्नेछ छ।

**घ) आर्थिक मापदण्ड :**

कार्यक्रमको लागिआवश्यक फर्मेट छपाई तथा रोग फैलेको ठाउमा जानको लागि इन्धन अन्य सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

**९. कार्यक्रम अनुगमन तथा शाखा ब्याबस्थापन कार्यक्रम**

क) उद्देश्यः

- मानेभान्ज्याङ गाउँपालिका भित्र भए गरेका कृषि/ पशुपन्छी बिकास संग सम्बन्धित कामको मूल्याकन गर्नु। सम्बन्धित शाखा ब्याबस्थित बनाउनु।
- ख) प्राविधिक मापदण्ड :
    - मानेभान्ज्याङ गाउँपालिका भित्र भए गरेका कृषि /पशुपन्छी बिकास संग सम्बन्धित कामको मूल्याकन अनुगमन गर्नुपर्ने छ।
    - अनुगमनको सिलसिलामा अनुगमनमा संलग्न कर्मचारी तथा जनप्रतिनिधि लाइ इन्धन,खाजा,खाना,भता लगायत अन्य खर्च दिइने छ।
    - कृषि / पशुपन्छी बिकास शाखामा सेवा प्रभाह गर्न आवश्यक सामाग्री खरिद गरिने छ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- कृषि /पशुपन्छी बिकास संग सम्बन्धित कामको मूल्याकन अनुगमन मा जादा इन्धन,खाजा,खाना,भता लगायत अन्य खर्च।
- कृषि / पशुपन्छी बिकास शाखामा सेवा प्रभाह गर्न आवश्यक सामाग्री।

**घ) आर्थिक मापदण्ड :**

कार्यक्रमको लागि आवश्यक ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

**१०. प्लाष्टिक टनेल वितरण कार्यक्रम**

क) उद्देश्य

- बेमौसमी तरकारी खेतीको उत्पादनमा वृद्धि गर्नुका साथै रोग किराको न्यूनिकरण गर्नु

- रोजगार सिृजना गरी आर्थिक अवस्था सूधार गर्ने

**ख) प्राविधिक मापदण्ड**

- कम्तिमा २ वटा टनेल फ्रेम निर्माण गरी शाखाले सूचना प्रकाशन गरे पश्चात् आवश्यक कागजात सहित शाखामा आवेदन दिनु पर्ने छ।
- अनुदान प्रतिशत ७५% रहने छ भने कृषकले २५% ब्योहोर्नु पर्ने छ।
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## ११. मौरीपालन प्रवर्द्धन कार्यक्रम

**क) उद्देश्य**

- मौरीपालनलाई व्यावसायीकरण गर्नुका साथै आधुनिक तथा प्रविधियुक्त प्रणली विकास  गर्नु
- गुणस्तर मह उत्पादन गरी निर्यात तथा बजारीकरणमा सहजीकरण गर्ने

**ख) प्राविधिक मापदण्ड**

- मौरीपालन सम्बन्धि तालिम लिएको हुनुपर्ने
- आधुनिक तथा मूडे घार भएको हुनुपर्ने
- अनुदान प्रतिशत ७५% रहनेछ भने कृषकले २५% ब्योहोर्नु पर्नेछ।
- मह उत्पादन सामाग्री जस्तै घुम्टि, महदानी, धूवाँदानी, मह छान्ने जाली, क्विन गेट, क्विन केज, फिडर , कृत्रिक आधार चाका आदि ७५% अनुदानमा वितरण गर्ने
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

१२. **बाली संरक्षण कार्यक्रम**

**क) उद्देश्य**

- रोगकिरा न्यूनिकरण गरी उत्पादनमा वृद्धि गर्ने

**ख) संचालित क्रियाकलाप**

- ढुसिजन्य , किटनाशक, झारनाशक, जौविक विषादि, भाइरस, ब्याक्टेरिया, प्लान्ट हर्मोन तथा खाद्य तत्व पूर्ण अनुदानमा वितरण गर्ने
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

१३. **कृषि प्रविधि तथा यान्त्रिकरण हस्तान्तरण कार्यक्रम**

**क) उद्देश्य**

- कृषि खेति प्रणलीलाई आधुनिक तथा प्रविधिमैत्री बनाउने
- कृषकको लागतमा कम तथा न्यूनिकरण गर्ने

**ख) संचालित क्रियाकलाप**

- मिनि टिलर (३एच.पि, ५एच.पि तथा ७एच.पि) , थ्रेसर, कम्बाइन मिल, खाडल खन्ने मेसिन, पानी तान्ने मोटर , डिजिटल तराजु , फुट स्प्रेयर, सिकेचर तथा अन्य कृषि उपकरणहरु ७५% अनुदानमा वितरण गर्ने
- अनुगमन तथा अन्य कार्य संचालनमा खचै गर्न सकिने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

१४) **कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम**

**क) उद्देश्य**

- एक वडा एक संकलन केन्द्र निर्माण गरी कृषकका उत्पादन संकलन तथा बजारीकरणको व्यवस्था गर्ने

**१५) तरकारी, मसला, तेलहन, दलहन तथा अन्नबालीको विउ वितरण कार्यक्रम**

**क) उद्देश्य**

- हिउँदे तथा वर्षे तरकारी र अन्नबालीको गुणस्तर विउविजन उपलब्ध गराई कृषकको उत्पादन वृद्धि गर्ने

**ख) संचालित क्रियाकलाप**

- कृषकको आवश्यकता अनुसार विभिन्न तरकारी, तेलहन,मसला, दलहन तथा अन्नबाली जस्तै प्याज, बन्दा, काउली, गोलभेंडा, सिमि, केराउ, गाँजर, मूला , आलु, ंसाग, धान, गहूँ, कोदो, तोरी, मकै,जिरा, धनिया तथा अन्य बिउविजन ७५% मा उपलब्ध गराई कृषकको लागत कम गर्ने
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

**१६) रैथाने बाली प्रवर्द्धन तथा सरक्षण कार्यक्रम**

**क) उद्देश्य**

- स्थानीय तथा रैथाने बाली जस्तै गहत, सोस्टा, मस्याङ्ग, कोदो , जौ, उवा,कागुनो , जुनेलो, चिनो, फापर आदि जस्ता बालीको संरक्षण गरी उत्पादनमा जोड दिने ।

**ख) संचालित क्रियाकलाप**

- कृषकको आवश्यकता अनुसार विउविजन तथा यान्त्रिकरण ७५% मा उपलब्ध गराई कृषकको लागत कम गर्ने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## १७) प्याज पकेट स्थापना कार्यक्रम

### क) उद्देश्य

- प्याजमा गाउँपालिकालाई आत्मनिर्भर बनाइ बजारीकरणमा सहजता ल्याउने
- कृषकलाई विउ उत्पादनमा प्रत्सोहन गर्ने

### ख) संतालित क्रियाकलाप

- कृषकलाई विउ ७५% अनुदानमा उपलब्ध गराउने
- कृषकको क्षमता अभिवृद्ध तालिम संचालन गर्ने
- ढुसिजन्य तथा किटनाशक विषादि जस्तै कार्बेन्डाजिन, एम-४५, मालाथियोन,रोगर,नुभान आदि निशुल्क उपलब्ध गराउने
- साना कृषि औजार जस्तै कोदो, कुटी, झार गोड्ने मेसिन, कच्चिया आदि निशुल्क उपलब्ध गराउने
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

### ग) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## १८) कृषि एम्बुलेन्स खरिद तथा संचालन कार्यक्रम

### क) उद्देश्य

- कृषकको उत्पादनलाई बजारको पहुँचसम्म ल्याउने

### ख) संचालित क्रियाकलाप

- कृषि एम्बुलेन्स गा.पा ले खरिद गरी कार्यविधि अनुसार संचालन गर्ने
- प्राविधिक मापदण्ड अनुसार सूचना प्रकाशन गरी खरिद प्रक्रियामा जाने
- कृषि एम्बुलेन्स प्रायोजनमा लागी सिङ्गल क्याब गाडी खरिद गर्ने
- चिस्यान सूविधा जडान गरिएको हुनुपर्ने छ
- कृषि एम्बुलेन्स संचालनका लागि अन्य आवश्यक व्यवस्थापकीय कार्यहरु

### ग) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## १९) फलफूलको बिरुवा तथा प्रविधि वितरण कार्यक्रम

### क) उद्देश्य

- कृषकको आवश्यकता अनुसार विभिन्न हिउँदे तथा वर्षे फलफूलको विरुवा उपलब्ध गराउने
- फलफुल खेतीमा आत्मनिर्भर बनाउने

### ख) संचालित क्रियाकलाप

- फलफुलको विरुवा ७५% अनुदानमा उपलब्ध गराउने
- औजार अन्तर्गत सिकेचर, प्रुनिङ्ग नाइफ, कुटो कोदालो , पोलिब्याग तथा  आवश्यक अन्य उपकरण ७५% अनुदानमा उपलब्ध गराउने
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

### ग) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

## २०) बगरखेती प्रबर्द्धन कार्यक्रम

### क) उद्देश्य

- कृषकको आवश्यकता अनुसार खर्बूजा,तर्बूजा तथा बदाम  खेतीको उत्पादनमा जोड दिने

### ख) संचालित क्रियाकलाप

- विउविजन ७५% अनुदानमा उपलब्ध गराउने
- उत्पादन तथा हार्भेस्टिङ्ग सम्बन्धि कृषक तालिम संचालन गर्ने

### ग) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ .

## २१) च्याउ खेति प्रवर्द्धन कार्यक्रम

### क) उद्देश्य

- विभिन्न प्रकारका च्याउ जस्तै डल्ले, कन्ये, सिताके, ग्यानोडर्मा आदिको उत्पादनमा आत्मनिर्भर बनाउने

### ख) संचालित क्रियाकलाप

- च्याउको स्पन ७५% अनुदानमा उपलब्ध गराउने
- च्याउ उत्पादन सामाग्री जस्तै कटन, प्लाष्टिक ब्याग, ड्रम, डोरी तथा अन्य ७५% अनुदानमा उपलब्ध गराउने
- ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने

### ग) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क)
  मा व्यवस्था अनुसार गर्नुपर्ने छ

## २२) गेडिङ्ग, प्याकेजिङ्ग,ब्राडिङ तथा बजारीकरण कार्यक्रम

### क) उद्देश्य

- स्थानिय उत्पादनको पहिचान गरी गेडिङ्ग, प्याकेजिङ्ग,ब्राडिङ तथा बजारीकरण गर्ने

### ख) संचालित क्रियाकलाप

- गेडिङ्ग, प्याकेजिङ्ग,ब्राडिङ तथा बजारीकरण सम्बन्धि तालिम संचालन गर्ने

### ग) आर्थिक मापदण्ड :

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क)
  मा व्यवस्था अनुसार गर्नुपर्ने छ

## २३) पालिकास्तरीय नर्सरी तथा बगैंचा स्थापना कार्यक्रम

### क) उद्देश्य

- विभिन्न प्रकारका फलफुल , जडिबुटि , तरकारी आदिको विरुवा उत्पादन गरी कृषकलाई वितरण गर्ने

**ख) संचालित क्रियाकलाप**

- हाइटेक टनेल निर्माण गर्ने
- नर्सरी तथा बगौंचा संचालनका लागी कर्मचारी तथा अन्य व्यावस्थापकीय कार्यमा खर्च गर्ने
- आवश्यक कृषि औजार जस्तै सिकेचर, करौंती , हार्भेष्टिङ्ग ब्याग, न्यापस्याक, पावर स्प्रेयर, प्राङ्गारीक मल, नेट झोला, प्याष्टिक क्रेट, लेबलिङ सामाग्रीहरु, सुरक्षात्मक सामाग्रीहरु ऋादि मा खर्च गर्न सकिने
- **ढुवानी खर्चमा १००% अनुदान उपलब्ध गराउने**

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क)
  मा व्यवस्था अनुसार गर्नुपर्ने छ

## २४) उकृष्ट कृषक सम्मान कार्यक्रम

**क) उद्देश्य**

- उत्कृष्ट कृषकको पहिचान गरी पुरस्कृत गरी मनोबल उच्च बनाउने

**ख) संचालित क्रियाकलाप**

- एक वडा एक कृषक पहिचान गरी कूल ९ जना कृषकलाई सम्मान गरी रु. १००००। (अक्षरुपी दश हजार मात्र) ले वितरण गर्ने
- कार्यक्रम संचालन तथा अन्य व्यावस्थापकीय कार्यमा खर्च गर्ने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क)
  मा व्यवस्था अनुसार गर्नुपर्ने छ

## २५) कम्पोष्ट जौविक मल उत्पादन व्यवस्थापन कार्यक्रम

**क) उद्देश्य**

- रसायनीक मलको बढ्दो प्रयोग कम गरी जौविक तथा प्रङ्गारिक खेतीमा कृषकको आकर्षण गरी स्वच्छ उत्पादन पद्धतिलाई प्रत्सोहन गर्न

**ख) संचालित क्रियाकलाप**

- जैविक मल उत्पादन सम्बन्धि तालिम तथा गोष्ठी संचालन गर्ने

- जैविक मल उत्पादन सामाग्री जस्तै उपयुक्त जातका बिउ, जैविक/बनस्पतिक विषादी तथा जैविक विषादी बनाउने सामाग्री, ई.एम आदि पूर्ण अनुदानमा उपलब्ध गराउने
- कार्यक्रम संचालन तथा अन्य व्यावस्थापकीय कार्यमा खर्च गर्ने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क)
  मा व्यवस्था अनुसार गर्नुपर्ने छ

**२६) गाँजा खेति अध्ययन, अनुगमन तथा अनुसन्धान कार्यक्रम**

**क) उद्देश्य**

- गाँजा तथा भागोंको औषधिय तथा औद्योगिक गुण पहिचान गरी अध्ययन तथा अनुसन्धान गर्ने
- उत्पादनलाई रोजगारसँग जोड्ने

**ख) संचालित क्रियाकलाप**

- गाँजा तथा भागौं खेति सम्बन्धि तालिम तथा गोष्ठी संचालन गर्ने
- उत्पादित सामाग्री जस्तै पात, डाँठ, जरा तथा गेडाको महत्व पहिचान गरी ल्याव तथा उद्योगसँग सहकार्य गर्ने
- गाँजा तथा भागोंबाट उत्पादित सामाग्री जस्तै लेत्ता, कपडा, लिफबाम, पेन आइल, आदि पूर्ण अनुदानमा ट्रायलको लागी वितरण गर्ने
- कार्यक्रम संचालन तथा अन्य व्यावस्थापकीय कार्यमा खर्च गर्ने

**ग) आर्थिक मापदण्ड :**

- कार्यक्रमको लागि सामग्री खरिद ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क)
  मा व्यवस्था अनुसार गर्नुपर्ने छ

**२७) कृषि प्रचार तथा कृषक क्षमता अभिवृद्धि कार्यक्रम**

क) उद्देश्यः

- मानेभान्ज्याङ गाउँपालिका भित्र भए गरेका कृषि सम्बन्धि आवश्यक तालिम संचालन गर्नु

ख) संचालन प्रक्रिया/ क्रियाकलाप

- रोगकिरा न्यनिकरण तथा व्यवस्थापन सम्बन्धि तालिम
- माटो संरक्षण तथा जैविक मल उत्पादन सम्बन्धि तालिम
- यान्त्रिकरण तथा प्रविधि सम्बन्धि तालिम
- सिजनल तथा बेमौसमी तरकारी तथा फलफूल खेति सम्बन्धि तालिम
- पोष्टहार्भेष्टिङ्ग सम्बन्धि तालिम
- कार्यक्रम संचालन तथा अन्य व्यवस्थापकीय कार्यका खर्च गर्न सकिने

**ग) आर्थिक मापदण्ड :**

कार्यक्रमको लागि आवश्यक ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ ।

## २७) कृषि प्राविधिक अनुगमन, मूल्याङ्कन, शाखा व्यवस्थापन तथा फिल्ड भत्ता

**क) उद्देश्यः**

- मानेभान्ज्याङ गाउँपालिका भित्र भए गरेका कृषि/ पशुपन्छी बिकास संग सम्बन्धित कामको मूल्याकन गर्नु । सम्बन्धित शाखा ब्याबस्थित बनाउनु ।

**ख) प्राविधिक मापदण्ड :**

- मानेभान्ज्याङ गाउँपालिका भित्र भए गरेका कृषि /पशुपन्छी बिकास संग सम्बन्धित कामको मूल्याकन अनुगमन गर्नुपर्ने छ ।
- अनुगमनको सिलसिलामा अनुगमनमा संलग्न कर्मचारी तथा जनप्रतिनिधि लाइ इन्धन,खाजा,खाना,भता लगायत अन्य खर्च दिइने छ ।
- कृषि / पशुपन्छी बिकास शाखामा सेवा प्रभाह गर्न आवश्यक सामाग्री खरिद गरिने छ ।

**ग)संचालन प्रक्रिया/ क्रियाकलाप**

- कृषि /पशुपन्छी बिकास संग सम्बन्धित कामको मूल्याकन अनुगमन मा जादा इन्धन,खाजा,खाना,भता लगायत अन्य खर्च ।
- कृषि / पशुपन्छी बिकास शाखामा सेवा प्रभाह गर्न आवश्यक सामाग्री ।

**घ) आर्थिक मापदण्ड :**

कार्यक्रमको लागि आवश्यक ब्यवस्थापकिय खर्च बजेटको परिधिभित्र रही सार्बजनिक खरिद एन,२०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा मानेभान्ज्याङ गाउँपालिकाको खरिद नियमावली२०७९ को दफा ९५को १ को (क) मा व्यवस्था अनुसार गर्नुपर्ने छ।

२८) यस कार्यविधिलाई गाँउकार्यापालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**२. कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा उल्लेख गरिएको भएता पनि नेपालको प्रचलित ऐन कानुनसँग बाझिएमा सोहि बमोजिम हुनेछ।

**३. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिमा उल्लेख भएका कुरामा कुनै विवाद आएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

आज्ञाले प्रमाणीकरण गर्ने

प्रमुख प्रशासकीय आधिकृत